# बहिर्गमन प्रतिवेदनबाट प्राप्त प्रतिकृया

**राम्रा लागेका कुराहरुः**

१. लेटाङ २ मा सडकहरु कालोपत्रे भएका छन् ।
२. २ नम्बर वडा कार्यालय बनेको छ, सेवा राम्रो छ ।
३. नगर अस्पतालमा सुधार भएको छ । सयमा ९९ नम्बर दिन्छु ।
४. मेयर उपमेयरको बोलिवचन राम्रो छ ।
५. खोला अनुगमन भइरहेको छ उत्खनन् पहिले भन्दा नियन्त्रण भएको छ ।
६. योजनाको निर्माण कार्य समयमै हुन थालेको छ ।
७. प्राविधिक कर्मचारीको व्यवहारमा सुधार भएको छ ।
८. तालिम कार्यक्रम बारे जानकारी पाइएको छ ।
९. पशुअस्पतालको सेवा ठिकै छ ।
१०. बाख्रा हटिया व्यवस्थित भएको छ ।
११. वडाबाटै भत्ता पाइएको छ ।
१२. नगरपालिकामा सजिलौ छिटै काम हुन थालेको छ ।
१३. बजार क्षेत्रको ट्राफिक व्यवस्थापनको काम सुरु भएको छ ।
१४. कालेबुदुली सडक निर्माण सुरु भएको छ ।
१५. नगर प्रमुखको कोठा व्यवस्थित भएको छ ।
१६. लेटाङ बजारको हाट बजार व्यवस्थित भएको छ ।
१७. नगरपालिकाम हेल्प डेस्क राखिएको छ ।
१८. राजश्व शाखा पहिलेको ठाउँबाट सारेर देखिने ठाउँमा राखिएको छ ।
१९. शव वाहनको सुविधा राम्रो छ ।
२०. ठूला ठूला बाटोहरु बनिएका छन् ।
२१. गुवाबारी भूवाखोला सडक राम्रो बनेको छ ।
२२. नगरमा हाल सुशासन महसुश भएको छ ।
२३. वडा ५ मा १० शैय्याको अर्को अस्पताल बन्दैछ ।
२४. विद्यालयमा राम्रो सुधार भएको छ ।
२५. खोलाहरुमा पक्की पुल निर्माण भएका छन् ।
२६. राजारानी जाने बाटो बन्दैछ । राजारानी पोखरी सौन्दर्यकरण भएको छ ।

२७. चिउरी संरक्षणका लागि विरुवा रोप्ने काम भएको छ ।

२८. वर्षिक बजेट तथा कार्यक्रम समयमा नै पुस्तकको रुपमा सार्वजनिक हुन्छ ।

२९. ५ वर्षे रणनीतिक योजना निर्माण भएको छ ।

३०. डेंगुको समयमा अस्पताल २४ घण्टा सञ्चालन भएको थियो ।

३१. खोलाको सामाग्री ३ सय मिटर भित्र स्टक गर्न नदिने भनिएको राम्रो छ । सँधैका लागि कार्यान्वयन होस् ।

३२. सामुदायिक वनहरुबाट चुहावट भइरहेको कर संकलनमा कडाइ गरेकाले राजश्वमा वृद्धि भएको छ ।

**सुधार गर्नुपर्ने कुराहरु तथा केहि प्रश्नहरुः**

१. अस्पतालमा आकस्मिक सेवा थप गर्नुपर्यो ।

२. खोला तटबन्ध निर्माण गरी पैनी तथा नहर व्यवस्थित गर्नुपर्ने ।

३. हाटबजार लाग्ने ठाउँमा धेरै धूलो हुन्छ नियन्त्रण गर्नुपर्यो ।

४. सडकका बीचमा निर्माण गरिएका शालिकका कारण दुर्घटनाको जोखिम बढेको छ, यसलाई हटाउन नगरपालिकाले के सोचेको छ ?

५. बजेटका योजनाको काम तोकिएको समयमा भएको छैन ।

६. लेटाङ ९ को गौशालालाई नगरपालिकाले किन वेवास्ता गरेको हो ?

७. लेटाङ ९ को शिक्षा ज्योति विद्यालय लथालिंग भएको छ ।

८. गरिवलाई धनि बनाउने कार्यक्रम ल्याउनु पर्‍यो । यसका लागि नगरपालिको कस्ता कार्यक्रम ल्याएको छ ?

९. नगर अस्पतालमा कर्मचारी थप गरी २४ घण्टा सञ्चालन गर्नुपर्यो ।

१०. फोहोर मैला नियमित उठाइँदैन ।

११. चिसाङ पुल पारिदेखि किर्तिमान जाने सडक अफ्ठेरो छ कहिले बन्छ ?

१२. रोजगारमुखि तालिम प्रदान गर्नुपर्यो ।

१३. खेलकुद र शिक्षा क्षेत्रमा सुधार ल्याउनुपर्यो ।

१४. जिल्ला स्तरीय राष्ट्रपति खेलकुदमा अन्तिम स्थान प्राप्त गर्नुको कारण के होला ?
१५. भूवर्गिकरणको बारेमा सबै जनताको कुरा सुनेर सुनुवाइ गर्नुपर्छ । नगरपालिकाले एकलौटी गर्नुभएन ।
१६. लेटाङ बजार शिरानदेखि घिमिरे चौकसम्मको सडक कालोपत्रे बनाउनु पर्यो ।
१७. टुक्रे वन व्यवस्थापन हुन सकेन, कहिलेसम्म हुन्छ ?
१८. खेलकुद सामाग्री विद्यालयमा पर्याप्त हुनुपर्यो विद्यालयमा घेरावारा हुनुपर्यो ।
१९. शिक्षकको लापरवाहीले विद्यार्थी विग्रिए नियमित अनुगमन हुनुपर्यो ।
२०. भाउन्ने किर्तिमान सडक कालोपत्रे गर्नुपर्यो ।
२१. अस्पतालमा ल्यावको रिपोर्ट छिटो दिनुपर्यो । कर्मचारीको स्वभाव सुधार गर्नुपर्यो, कर्मचारी थप गर्नुपर्यो ।
२२. लेटाङ ७ सिमानामा सार्वजनिक शौचालय बनाउनु पर्यो ।
२३. किराँत धर्मको माङहिमहरुलाई बजेट व्यवस्थापन गर्नुपर्यो ।
२४. नगरपालिकाले कृषि उपजको थोक मूल्य तोक्नु पर्यो ।
२५. सिमानामा स्वास्थ्यचौकी र वडाको शाखा कार्यालय आवश्यक छ ।
२६. नगरपालिकाले सहकारीका क्षेत्रमा कस्ता कार्यक्रम ल्याएको छ ?
२७. कतिपय सहकारीमा समस्या हुँदा शेयर सदस्यहरु जोखिममा छन्, यसको समाधान गर्न नगरपालिकाले कस्तो काम गर्दैछ ?
२८. युवायुवातीहरु लागुऔषधमा धेरै लाग्ने गरेको पाइएको छ, रोकथामका लागि नगरपालिकाले के गर्दैछ । विद्यालयमा समेत रोकथामका कार्यक्रम राख्न जरुरी छ ।
२९. मल, विउ समयमा उपलब्ध गराउनु पर्यो, कृषि तालिम बारे कृषकले नै थाहा पाउँदैनन् ।

३०. विद्यालयहरुमा साना बालबालिकाहरुलाई खेल तथा मनोरञ्जनको पर्याप्त व्यवस्था हुनुपर्यो ।

३१. कृषिको अनुदानमा मल मात्र दिनुपर्यो, विउ र औजारको अनुदान रोक्नुपर्यो ।

३२. नगरले दिएको विउको उत्पादन राम्रो भएन ।

३३. चिसाङ खोलाको तटबन्धमा ढुंगा, जाली भन्दा पनि कंक्रिटको पर्खाल लगाउनु पर्यो ।

३४. खोला गहिरो भइसक्यो कहिलेसम्म खन्ने ? उत्खननले गर्दा पैनीमा पानी उठाउन समस्या भयो ।

३५. पर्यटन विकासका लागि नयाँ नेतृत्व आएपछि के के काम भए ?

३६. नगर अस्पतालमा भएको एक्सरे मेसिन सुचारु गर्नुपर्यो ।

३७. कृषिमा उन्नत जातको बिउ र मल सहज हुनुपर्यो ।

३८. पुराना कूलो पैनीलाई व्यवस्थित गर्न पर्याप्त बजेट छुट्याउनु पर्यो ।

३९. लालपूर्जा कहिले पाइने हो, आश गर्दा गर्दै सास जाने बेला भयो, कि आश नदेखाउनु, कि दिइहाल्नु ।

४०. श्री मावि लेटाङ ९ मा शैक्षिक गुणस्तर सुधार गर्नुपर्यो ।

४१. लेटाङ ९ देवकोटा चौकको पुस्तकालय भवन जीर्ण भयो, नयाँ बनाउनु पर्यो ।

४२. लेटाङ ९ मा वडाले महिलाका लागि छुट्याएको बजेट किन घटाएको हो ?

४३. नगरपालिकामा संस्था दर्ता गर्न जाँदा धेरै अल्झाउने गरिन्छ । वडा नम्बर ९ बाट महिलाको संस्था दर्ता गर्न गएको महिनौ भइसक्यो, तर काम भएको छैन । कहिले के, कहिले के भनेर अल्मल्याउने गरिन्छ ।

४४. लेटाङ वारांगी सडक कहिले कालोपत्रे हुन्छ ?

४५. वारांगीमा रहेको वाराजी मन्दिरको प्रचार गरि विकास गर्नुपर्यो ।

४६. जाँते बजारको बेहाल छ, नगरपालिकाले किन नहेरेको, यसको व्यवस्थापनका लागि नगरपालिकाले कस्तो योजना बनाएको छ ?

४७. जाँते बजारदेखि ज्यामिरे जाने सडक किन नबनेको ? कहिले बन्छ ?
४८. लेटाङ ५ मा बन्दै गरेको अस्पताल कहिले पुरा हुन्छ ?
४९. नगरभित्रका प्रकृतिक श्रोत खोला नगरपालिका आफैंले उत्खनन् गर्न सके राम्रो हुने थियो ।
५०. कृषि उत्पादन विक्रीको ग्यारेन्टी नगरले लिनुपर्यो ।
५१. पुशपालन तालिम सम्बन्धित किसानलाई दिनुपरर्यो ।
५२. कृषि शाखामा विषादी लिन जाँदा सजिलै दिंदैनन्, के के भनेर टार्छन्, प्राय भेटिदैनन् पनि ।
५३. सहुलियत मूल्यको कृषि मल, विउ तथा पशुको औषधि पसल नगरपालिकाले सञ्चालन गर्नुर्यो ।
५४. नगर अस्पतालमा एक्सरे सुविधा राख्नुपर्यो ।
५५. स्थानीयलाई निर्माण कार्य गर्न खोलाजन्य सामाग्री ल्याउन समस्या छ ।
५६. नगरस्तरीय खेल मैदान बनाउनु पर्यो ।
५७. राजारानी जाने बाटो कहिले बनिसक्छ ?
५८. नगरमा कर्मचारी भेटिंदैनन् धेरे पर्खनुपर्छ । कुनै दिन त कार्यालय नै खाली हुन्छ ।
५९. बजेट बनाउने बेला सबैलाई खबर गर्नपर्यो, थाहै हुँदैन ।
६०. सिंचाइको अभावले किसानलाई समस्या छ ।
६१. लेटाङ ५ मा गत असारमा बनाएको सडक अहिले भत्किन थाल्यो ।
६२. होमपाइप मागेको ३ वर्ष भयो पाइएको छैन ।
६३. महिलालाई आयमुलक कार्यक्रम ल्याउनुपर्यो ।
६४. नगरप्रमुखको कक्ष अपांगमैत्री भएन ।
६५. विद्यालयहरुमा पर्याप्त शिक्षक हुनुपर्यो । शैक्षिक अवस्था खस्कँदो छ ।
६६. छात्राहरुलाई आत्मरक्षा तालिम दिनुपर्यो ।
६७. कर्मचारीले झन्झट दिन्छन्, सबैकुरा एकैपटक भन्दैनन् । एकैपटकमा काम हुँदैन ।

६८. मेयर, उपमेयर भेटिंदैनन्, फोन पनि उठाउँदैनन् ।
६९.नगरपालिका साँघुरो भयो खुला ठाउँमा सार्नुपर्यो ।
७०.चिसाङ खोलामा आर्यघाट कहिले बनिसक्छ ?
७१. धोवि खोलाबाट राजारानी जाने बाटो किन प्राथमिकतामा परेन ? ५ घर छौं विजुली पनि छैन ।
७२. न्यौपाने चौक बुधबारे सडक किनारमा बालि लगाउँदा दुर्घटनाको जोखिम बढेको छ ।
७३. लेटाङ १ र ७ मा साना बालबच्चा घण्टौं हिंडेर वालकक्षा जानुपर्छ, टोलटोलमा बालकक्षा सञ्चालन गर्नुपर्यो ।
७४. राजारानीको बालकक्षा बन्द भयो, सञ्चालन गर्नुपर्यो ।
७५. बजेट नगरमुखि भयो, वडाको बजेट किन घटाइयो ?
७६. नगरपालिकामा नगरप्रमुख निरीह कर्मचारी हावी भएको देखिन्छ । यसरी नगर चल्छ ?